**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ जेठ ५ गते**

प्रदेश १ मा जेठ ५ गते थप तीन जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टी भएको छ । प्रदेश प्रयोगशाला विराटनगरमा गरिएको परीक्षणमा मोरङ रतुवामाई नगरपालिकाका-१ का २४ वर्षीय पुरूष र झापा कचनकवल गाँउपालिकाका २३ वर्षीय एक पुरूषमा सङ्क्रमण पुष्टी भएको छ । त्यसैगरी वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सुनसरीमा गरिएको परीक्षणमा खोटाङका २० वर्षीय पुरूषमा कोरोना सङ्क्रमण पुष्टी भएको प्रदेश १,सामाजिक विकास मन्त्रालयले जनाएको छ । यो सँगै प्रदेश १ मा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ४२ पुगेको छ । प्रदेश १ मा ३ हजार एक सय ६१ जनाको पीसीआर (पोलिमर चेन्ज रियाक्सन) विधिबाट परीक्षण भएको छ । आरडीटीबाट ९ हजार चार सय ७३ जनाको परीक्षण भएको छ । प्रदेश १ मा तीन ठाउँबाट पीसीआर परीक्षण भइरहेको छ ।

प्रदेश १ बाट थप एकजना डिस्चार्ज भएका छन् । कोशी अस्पताल कोभिड -१९ उपचार केन्द्रमा उपचाररत झापा दमक नगरपालिका-३ का ६२ वर्षीय वृद्ध डिस्चार्ज भएका छन् । अस्पताल भर्ना भएको २५ दिनपछि उनलाई जेठ ५ गते डिस्चार्ज गरिएको हो । पछिल्लो पटक गरिएको कोरोना परीक्षणमा रिपोर्ट नेगेटिभ आएपछि डिस्चार्ज गरिएको कोशी अस्पताल कोभिड -१९ उपचार केन्द्रका जनस्वास्थ्य अधिकृत ज्ञानवहादुर बस्नेतले जानकारी दिनुभयो । प्रदेश १ बाट डिस्चार्ज हुनेको सङ्ख्या १८ पुगेको छ । २२ जना उपचाररत रहेका छन् । उपचाररत सबैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले कोरोना सङ्क्रमण देखिएको स्थानमा परीक्षण तीव्र पारिएको बताउनु भएको छ । कोरोना सङ्क्रमितको ट्राभल हिष्ट्री र कन्ट्याक्ट ट्रेसिङको पहिचान गरेर परीक्षण गरिने उहाँले बताउनुभयो । धनकुटा जिल्ला अस्पतालमा कार्यरत एक स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण देखिएपछि जेठ ५ गते मन्त्री घिमिरे धनकुटा जानु भएको थियो । धनकुटामा प्रदेश सांसद, स्थानीय जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी लगायतसँग छलफल गर्दै मन्त्री घिमिरेले सङ्क्रमण देखिएको स्थानमा परीक्षण तीव्र पारिएको बताउनुभयो । उहाँले भन्नुभयो,' सबैलाई परीक्षण गर्न सम्भव छैन, सङ्क्रमितको ट्राभल हिष्ट्री र कन्ट्याक्ट ट्रेसिङको पहिचान गरेर शङ्कास्पदको परीक्षण गरिन्छ ।' आवश्यक सामानको अभाव र महङ्गीले सबै मानिसको परिक्षण गर्न नसकिने उहाँले बताउनुभयो । कोरोना परीक्षण जहाँतहाँ गर्न नसकिने भएकाले समस्या भएको मन्त्री घिमिरेले बताउनुभयो ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका अनुसार** जेठ ५ गते रतुवामाई नगरपालिकामा एक जना पुरूषमा कोरोना सङ्क्रमण पुष्टी भएको छ । २४ वर्षीय पुरूषमा सङ्क्रमण पुष्टी भएको प्रदेश १,सामाजिक विकास मन्त्रालयले जनाएको छ । जिल्लामा जेठ ५ गतेसम्म ४ सय ५० जनाको स्वाब सङ्कलन गरिएको छ । स्वाब सङ्कलन गरिएका मध्ये दुई जनाको रिपोर्ट पोजेटिभ आएको छ । २ सय ४८ जनाको रिपोर्ट नेगेटिभ आएको छ । विराटनगरका १६ जना पत्रकारको स्वाब परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । जेठ ३ गते नेपाल पत्रकार महासङ्घ शाखाको परिसरमा प्रदेश सरकारका तर्फबाट खटिएका स्वास्थ्यकर्मीले स्वाब सङ्कलन गरेका थिए । मोरङमा १ हजार ५ सय ९७ जनाको आरडीटी परीक्षण गरिएको छ । परीक्षण गरिएका दुई जनाको रिपोर्ट पोजेटिभ आएको थियो । मोरङमा ३ सय ४ जना क्वारेन्टाइनमा रहेका छन् । क्वारेन्टाइनमा २ सय ५७ जना पुरूष र ४७ जना महिला रहेका छन् ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार झापामा जेठ ५ गते थप एक जनामा कोरोना सङ्क्रमण पुष्टी भएको छ । भारतमा रेल खुल्न साथ नेपाल भित्रिएका २३ वर्षीय युवकमा कोरोना सङ्क्रमण पुष्टि भएको प्रदेश १ सामाजिक विकास मन्त्रालयका प्रवक्ता डाक्टर सुरेश मेहताले जानकारी दिनुभयो । कचनकवल गाउँपालिकाका ती युवक जेठ २ गते नेपाल भित्रिएका थिए । झापा यसअघि दुई जना र जेठ ५ गते एक जना थपिएपछि सङ्क्रमितको सङ्ख्या तीन पुगेको छ । ती युवक नेपाल भित्रन्साथ उनलाई क्वारेन्टाइनमा राखिएकाले उनीबाट समाजमा कोरोना फैलने अवस्था नरहेको जिल्ला प्रहरी कार्यालय झापाका एसपी कृष्णप्रसाद कोइरालाले बताउनुभयो ।
खोटाङ जिल्ला प्रतिनिधि रामधन राईका अनुसार हलेसी तुवाचुङ नगरपालिका-७ का २० वर्षीय युवकमा जेठ ५ गते कोरोना भाइरस सङ्क्रमण पुष्टी भएको छ । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा युवकमा कोरोना सङ्क्रमण पुष्टी भएको प्रदेश १,सामाजिक विकास मन्त्रालयका प्रवक्ता डा.सुरेश मेहताले बताउनुभयो । लकडाउनका समयमा काठमाण्डौंमा अलपत्र नगरवासीको उद्दार गर्ने क्रममा ती युवक खोटाङ आएको हुन सक्ने हलेसी तुवाचुङ नगरपालिकाका मेयर इवन राईले बताउनुभयो ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार जिल्लामा जेठ ५ गतेसम्म १ हजार ५ सय ९ जनाको कोरोना परीक्षण गरिएको छ । ३ सय ९३ जनाको पीसीआर र १ हजार १ सय १६ जनाको आरडीटी विधिबाट परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । आरडीटी गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ । पीसीआर गरिएकामध्ये एक जनाको स्वाब पुन परीक्षण गरिएको र रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालय सुनसरीका प्रमुख सागर प्रसाईले बताउनुभयो ।
इनरूवा नगरपालिका- १० जल्पापुरमा राहत वितरणमा विभेद गरेको स्थानीयहरूले आरोप लगाएका छन् । जल्पापुरमा एक हजार दुई सय ८० घर परिवार रहेकोमा पाँच सय परिवारले मात्र राहत पाएको स्थानीयको भनाइ छ । वडाध्यक्ष सुल्तान मियाँले राहत वितरण गर्दा आफ्ना र काग्रेसप्रति आस्था राख्नेहरूलाई मात्र राहत दिएको इनरूवा नगरपालिका-१० का सुकर मियाँले बताउनुभयो ।
देवानगञ्ज गाउँपालिकावासी भारतबाट आउदै गर्दा भारतीय प्रहरीले सीमा क्षेत्रमा नियन्त्रणमा लिएको छ । काम तथा रोजगार गरेर फर्किएका नेपाली नागरिकलाई देवानगञ्ज गाउँपालिका क्षेत्रबाट सात जनालाई नियन्त्रणमा लिएको भारतीय सीमा सुरक्षा बल एसएसबी मानिकपुरले जनाएको छ । लुकीछीपी नेपाल तर्फ आइरहेकोमा उनीहरूलाई सीमामा नियन्त्रणमा दिएको एसएसबीले जनाएको छ । सबैलाई मानिकपुर क्वारेन्टाइनमा राखिएको एसएसबीले जनाएको छ । नेपाली र भारतीय किसानले लगाएको सीमा क्षेत्रको मकैवारीलाई वैकल्पिकबाटो बनाउँदै देवानगञ्ज गाउँपलिका -१ मध्यहर्षाही आउँदै गरेका अजयकुमार दास, सोही ठाउँका कपिलदेव दास, छेदीलाल दास, सलेश दास, महेन्द्र दास, शत्रुधन दास , जयकुमार दास, सन्तोश दास सहितलाई झाडीमा लुकेर बसेको अवस्थामा फेला पारेको हो । सबै जनालाई भारत तर्फको क्वारेन्टाइनमा राखिएको गाउँपालिका अध्यक्ष लालीप्रसाद मेहताले जानकारी दिनुभयो ।
धरान मुस्लिम समाजले दोस्रो चरणको 'इद राहत प्याकेज' वितरण गरेको छ । जेठ ५ गते धरान उपमहानगरपालिका-३ स्थित गहुँधारामा एक सय ५० परिवारलाई 'इद राहत प्याकेज' वितरण गरिएको हो ।

**इन्सेक धनकुटा जिल्ला प्रतिनिधि ईश्वर थापा**का अनुसार जिल्ला अस्पतालमा कार्यरत स्टाफ नर्सलाई कोरोना सङ्क्रमण पुष्टीपछि अस्पताल क्षेत्रलाई शिल गरिएको छ । स्वास्थ्यकर्मीलाई नै कोरोना

सङ्क्रमण देखिएपछि स्थानीय प्रशासनले धनकुटा नगरपालिका -७ को चार किल्ला तोकेर जेठ ५ गतेदेखि शिल गरेको हो । जिल्ला प्रशासन कार्यालय धनकुटामा सम्पन्न सुरक्षा प्रमुख र सरोकारवालाको बैठकले सङ्क्रमित कार्यरत अस्पताल क्षेत्रलाई शिल गर्ने निर्णय गरेको हो । सो निर्णयसँगै धनकुटा -७ को त्रिवेणी गेटबाट, बसपार्क, जिरो प्वाइन्ट, परिचय मोड, यलम्बर चोक, सिनेमा हल हुँदै त्रिवेणी चोकसम्मको क्षेत्रलाई शिल गरिएको सहायक प्रमुख जिल्ला अधिकारी जयराम श्रेष्ठले बताउनु भयो । एक जना स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टी भएपछि जेठ ५ गते जिल्लामा कार्यरत एक सय बढी स्वास्थ्यकर्मीको स्वाब नमूना सङ्कलन गरी परीक्षणका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान( घोपा) पठाइएको जिल्ला स्वास्थ्य कार्यालय धनकुटाका प्रमुख तुलसी गुराँगाइले बताउनुभयो । धनकुटामा कोरोना सङ्क्रमण पुष्टी भएपछि जेठ ५ गतेदेखि लागू हुने गरी जेठ १० गतेसम्मलाई चौविसे गाँउपालिका शिल गरिएको छ । कोरोना जोखिम र नियन्त्रणका लागि पाँच दिन गाँउपालिकामा शिल  गरिएको गाँउपालिका अध्यक्ष खजिन्द्र राईले बताउनुभयो ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार पौवादुङमा गाउँपालिकाले लकडाउनको समयमा खटिने सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई दैनिक खाजा भक्ता वितरण गर्दै आएको छ । कार्यस्थलमा दिनरात खटिएका उनीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ भक्ता वितरण थालिएको गाउँपालिका उपाध्यक्ष सम्झना राईले बताउनु भयो । गाउँपालिकाको निर्णय अनुसार सुरक्षाकर्मी र स्वास्थ्यकर्मीका इन्चार्जले दैनिक तीन/तीन सय रुपियाँ र अन्य सुरक्षाकर्मी र स्वास्थ्यकर्मीले दुई/दुई सय रुपियाँका दरले भक्ता पाउँदै आएका छन् । गाउँपालिकाले आफ्नो क्षेत्रमा प्रवेश गर्ने ठुलोदुङमाको फत्तेपुर, सानोदुङमाको अधेँरीघाट र सिक्रेमा पर्ने मुख्य सीमा नाकामा तीन जना हेरालुहरूलाई दैनिक एक हजार रुपियाँ भक्तासँगै एक हजार सञ्चार खर्च दिँदै आएको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार जेठ ५ गते ३७ जनाको आरडीटी परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । क्वारेन्टाइनमा एक जना महिला र १६ जना पुरूष गरी १७ जनालाई राखिएको छ । जिल्ला समन्वय समितिले कोरोना सङ्क्रमणको व्यवस्थापन तथा जनजीवनलाई के कसरी सामान्य बनाउने सम्बन्धमा स्थानीय तहका प्रमुख, स्थानीय प्रशासन लगायत अन्य सरोकारवालाहरुसँग छलफल आयोजना गरेको छ । छलफलमा तत्काल बजार खुल्ला गर्न नसकिने तर पूर्वाधार विकासका आयोजनाहरू नेपाल सरकारले तय गरेको मापदण्ड पालना गरेर सञ्चालन गर्न सकिने हुनाले यसको कार्यान्वयनमा सम्बन्धित पक्ष लाग्नु पर्ने विषय उठान भएको वैठकमा सहभागि नेपाल पत्रकार महासंघका अध्यक्ष लवदेव ढुंगानाले बताउनु भयो । बैठकमा मापदण्ड अनुरुपका क्वारेन्टाईन स्थापना गर्न स्थानीय तहहरुलाई निर्देशन दिइएको जिल्ला समन्वय समितिका प्रमुख विष्णुप्रसाद सापकोटाले बताउनु भयो ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार नेपाल पत्रकार महासङ्घ सङ्खुवासभाले २५ जना पत्रकारको निशुल्क बिमा गरिदिने भएको छ । कोरोना भाइरसको महामारीका बेला जोखिम मोलेर सूचनाका लागि खटिने पत्रकारको बीमा गरिने निर्णय भएको जिल्ला अध्यक्ष इन्द्र गिरीले बताउनुभयो । नेपाल पत्रकार महासङ्घ सङ्खुवासभामा आवद्ध तथा क्रियाशील २५ जना पत्रकारको निशुल्क बिमा गरिने निणर्य जेठ ५ गते भएको अध्यक्ष गिरीले बताउनु भयो ।
सङ्खुवासभाको १० वटै स्थानिय तहको कोरोना राहत कोषमा तिन करोड ५६ लाख ९ हजार तिन सय ४४ रुपैया जम्मा भएको जिल्ला समन्वय समितीका प्रमुख सुमन शाक्यले जानकारी दिनु भयो ।

खाँदबारी कोरोना राहत कोषमा ५४ लाख,चैनपुर ४१ लाख,धर्मदेवी २८ लाख,मादी ४६ लाख १४ हजार,पाँचखपन नगरपालिका १७ लाख ९४ हजार चार सय २४  जम्मा भएको छ । त्यस्तै सिलिचोङ ५ लाख १५ हजार एक सय ९७,भोटखोला ३५ लाख ६० हजार,मकालु ४७ लाख १४ हजार सात सय २३ र सभापोखरी गाउँपालिकाको कोरोना राहत कोषमा ३० लाख रकम जम्मा भएको जिल्ला समन्वय समितीका प्रमुख शाक्यले बताउनु भयो । क्यारेन्टाइन निमार्ण ,व्यवस्थापन, औषधी खर्च,खाना बस्नेमा ८४ लाख २७ हजार चार सय ६६ रुपैया खर्च भईसकेको छ । सङ्खुवासभाको १० वटै स्थानिय तहमा एक करोड २४ लाख ११ हजार ७ सय २९ रुपैयाको राहत वितरण भएको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार इलामको देउमाई नगरपालिकामा कृषि, खाद्यान्न, चारो, दाना, आहार तथा निर्माण सामग्री आन्तरिक रूपमा नगरपालिकाभित्र मात्र विक्री/वितरण तथा ढुवानी गर्न समय तोकेको छ । बेलुका ६ बजेबाट बिहान ६ बजेसम्ममा यी सामग्री व्यवस्थापन गर्ने/गराउने तथा नगरपालिकाबाहिरबाट आउने कुनै पनि किसिमका सवारी साधन (स्वास्थ्य क्षेत्रकाबाहेक) लाई नगर प्रवेशमा पूर्ण रूपमा निषेध गर्ने निर्णय पनि नगरले गरेको छ ।
नगर कार्यपालिका तथा कोरोना रोकथाम तथा नियन्त्रण आपतकालीन समितिको जेठ ५ गते बसेको बैठकले यस्तो निर्णय गरेको हो । सार्वजनिक तथा निजी सवारी साधनलाई लकडाउन अवधिभर पूर्ण रूपमा चल्न निषेध गर्ने/गराउने पनि बैठकले निर्णय गरेको छ । बैंक तथा वित्तीय संस्था केन्द्रीय नीति र निर्देशनबमोजिम सञ्चालन गर्न १० बजेदेखि १ बजेसम्म छुट दिने तर सामाजिक दूरीको नियम पूर्ण पालना गर्ने/गराउने पनि निर्णय भएको नगर प्रमुख सूर्य पोखेलले बताउनुभयो । मंगलबारे बजारमा लाग्ने बुधबारको हाट बन्द गर्ने र बुधबारबाहेक खाद्यान्न तथा आवश्यक सामान खरिदका लागि बिहान ८ बजेदेखि १२ बजेसम्म बजार सञ्चालन गर्ने निर्णय गरिएको नगरले जनाएको छ ।
सूर्योदय नगरपालिका वडा २ र ३ स्थित महिला पशुपति सहकारी संस्थाले सूर्योदय नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा नगद २१ हजार रुपैयाँ सहयोग गरेको छ । सूर्योदय नगरपालिका वडा नं १० का समाजसेवी मुकुन्द बस्नेतले पनि यही कोषमा नगद २५ हजार रुपैयाँ जम्मा गर्नुभएको नगरपालिकाले जनाएको छ । जेठ ५ गतेसम्म इलाममा ६ सय ५३ जना क्षमताको क्वारेन्टाइन तयार गरिएको छ । यी क्वारेन्टाइनमा ८ महिलासहित ३३ जना छन् । होम क्वारेन्टाइनमा १ सय ७४ महिलासहित १ हजार २ जना रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**इन्सेक तेह्रथुम जिल्ला प्रतिनिधि भगिश्वर लिम्बू**का अनुसार जिल्लामा जेठ ५ गतेसम्म ५६ जनाको पीसीआर र ६ सय ६४ जनाको आरडीटी परीक्षण गरिएको छ । परिक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**